REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 14.08.2026

<u>सिक्किमका दुई अधिकारीहरूलाई उत्कृष्ट सेवा (MSM) पदक प्रदान गरिएको छ का लागि उत्कृष्ट जेवा गरेकोमा सिक्किम,</u>

सिक्किमका लागि उत्कृष्ट सेवा गरेकोमा सिक्किम सरकारका दुई अधिकारीहरूलाई पदक प्रदान गरिएको छ।

सोनम वाङ्दी भुटिया, सहायक पुलिस अधीक्षक, पुलिस सेवा र राजेश राई, उप अग्नि नियन्त्रक, अग्नि सेवालाई यो पदक प्रदान गरिएको हो यसकै लागि मुख्यमन्त्री प्रेम सिंह तामाङले दुवै अधिकारीहरूलाई बधाई दिनुभयो।। स्वतन्त्रता दिवस 2026 को अवसरमा पुलिस, अग्नि नियन्त्रक, गृहरक्षक र नागरिक सुरक्षा तथा सुधार सेवाका 1,057 कर्मचारीहरूलाई वीरता र सेवा पदक प्रदान गरिएको छ।

सिक्किमका राज्यपाल ओनप्रकाश माथुरले आज हर घर तिरंगा यात्राको शुभारम्भ गरेका छन्

सिक्किमका राज्यपाल ओम प्रकाश माथुरको गरिमामय उपस्थितिमा आज गान्तोकमा 'हर घर तिरंगा' अभियान र 'वन्दे मातरम्' को 150औं वर्ष तथा 'विभाजन विभीषिका स्मृति दिवस' लाई समेटेर भव्य कार्यक्रम आयोजना गरियो।

कार्यक्रममा मुख्यमन्त्री प्रेमसिंह तामाङसहित मन्त्री, विधायक, सरकारी अधिकारी, विद्यार्थी तथा सर्वसाधारणको सहभागिता रहेको थियो। एम.जी. मार्गबाट शुरु भएको तिरंगा यात्राको नेतृत्व राज्यपाल र मुख्यमन्त्रीले गर्नुभयो। राष्ट्रिय झण्डा बोकेका सहभागीहरू देशभक्तिपूर्ण नारासहित मनन केन्द्र पुगेका थिए। त्यहाँ आयोजित कार्यक्रममा विभाजन सम्बन्धी वृत्तचित्र प्रदर्शन गरिनुका साथै राज्य संस्कृति विभागका कलाकारहरूले राष्ट्रिय गीत तथा 'वन्दे मातरम्' प्रस्तुत गरे। सम्बोधनका क्रममा राज्यपालले 'वन्दे मातरम्' राष्ट्रभक्तिको प्रेरणा गान भएको बताउँदै यसको 150 वर्ष पूरा भएको अवसरलाई ऐतिहासिक उपलब्धिका रूपमा स्मरण

गर्नुभयो । उहाँले तिरंगा राष्ट्रिय गौरव र जिम्मेवारीको प्रतीक भएको उल्लेख गर्दै 'हर घर तिरंगा' अभियानलाई जनस्तरसम्म पुऱ्याउन आह्वान गर्नुभयो।

पाल्जोर स्टेडियममा भोलि राज्यस्तरीय स्वतन्त्रता दिवस समारोह

सिक्किममा 80 औं स्वतन्त्रता दिवसको राज्यस्तरीय समारोह भोलि गान्तोकस्थित पाल्जोर स्टेडियममा भव्य रूपमा आयोजना गरिनेछ । कार्यक्रममा मुख्यमन्त्री प्रेमसिंह तामाङले राष्ट्रिय झण्डा फहराउनेछन्। त्यसपछि सुरक्षा बल, पुलिस, एनसीसी तथा विभिन्न विद्यालयका टोलीद्वारा मार्चपास्ट प्रस्तुत गरिनेछ। समारोहमा वीरता, पुलिस, उत्कृष्ट -सेवा, खेलकुद तथा शैक्षिक क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याउनेहरूलाई पुरस्कार प्रदान गरिनेछ । विभिन्न पुस्तक, प्रतिवेदन तथा तिमी चियाका नयाँ उत्पादनहरू सार्वजनिक गरिनेछन्। सांस्कृतिक कार्यक्रम, ब्यान्ड प्रस्तुति र सामूहिक राष्ट्रगान पनि आयोजना हुनेछ। दिउँसो सर टाशी नामग्याल स्मृति फुटबल प्रतियोगिताको फाइनल खेल हुनेछ। समारोहपछि लोक . भवनमा 'एट होम' कार्यक्रम आयोजना गरिनेछ।

लोक भवनमा SAP लाई नयाँ समारोहक टोपी प्रदान गरियो

लोक भवनमा आज सिक्किम सशस्त्र SAP पुलिस (SAP) लाई नयाँ Ceremonial Hat अर्थात् समारोहक टोपी प्रदान गरियो। यी टोपीहरू 'राज्यपाल विवेकाधीन निधि' मार्फत बललाई प्रदान गरिएको थियो।

भोलि, 15 अगस्टमा राज्यस्तरीय परेडमा SAPले पहिलो पटक यी टोपीहरू लगाउनेछ । पुलिस बलको तर्फबाट पुलिस अधीक्षक नोर्बु छिरिङ शेर्पाले यो सम्मान ग्रहण गर्नुभयो ।

## सिक्किम उद्यमी भरोसा सम्मेलन 21 अगस्टमा आयोजना हुने

सरकारको वाणिज्य तथा उद्योग विभागले SEED सेलसँगको सहकार्यमा 21 अगस्ट, शुक्रबार, मनन केन्द्र, गान्तोकमा 'विश्व उद्यमी दिवस 2026' मा पहिलो पटक "उद्यमी भरोसा सम्मेलन" आयोजना गर्दैछ। मुख्यमन्त्री प्रेम सिंह तामाङले प्रमुख अतिथिको रूपमा सम्मेलनमा भाग लिने कार्यक्रम छ। सिक्किम सरकारका वाणिज्य तथा उद्योग मन्त्री छिरिङ थेन्डुप भुटिया पनि त्यहाँ उपस्थित हुने अपेक्षा गरिएको छ। अझ बढी आत्मनिर्भर र उद्यमशील सिक्किम निर्माण गर्न मुख्यमन्त्रीको निर्देशनमा, राज्य सरकारको "एक परिवार, एक उद्यमी" पहल सिक्किमभरि उद्यमशीलता पारिस्थितिक प्रणालीलाई सुदृढ पार्न एक महत्त्वपूर्ण चालक शक्तिको रूपमा देखा परेको छ। कार्यक्रम बारे, सिक्किम सरकारको वाणिज्य तथा उद्योग विभागकी सचिव कर्मा डी युत्सोले भनिन्।

## BSNL स्वतन्त्रता दिवसको अफर

BSNL ले स्वतन्त्रता दिवसको अवसरमा 1 रुपियाँको फ्रिडम 2.0 अफर प्रस्तुत गरेको छ, जसले गर्दा नयाँ ग्राहकहरूले 80औं स्वतन्त्रता दिवसको अवसरमा केवल एक रुपैयाँमा BSNL मोबाइल नेटवर्कको अनुभव लिन सक्नेछन्।

## पाकिमका पहिरो प्रभावित परिवारहरुलाई डीसीले आर्थिक सहयोग प्रदान गरिन

पाकिमकी जिल्लापाल, पुरी बिश्नोईले पाकिम जिल्लामा भारी वर्षाका कारण पहिरोबाट प्रभावित परिवारहरूलाई 1 लाख, 30 हजार रुपैयाँ बराबरको अनुग्रह सहायता प्रदान गरिन्।